स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'एक्टर: टेक वन'को ट्रेलर सार्वजनिक गरिएको छ। राजधानीमा एक विशेष कार्यक्रमसहित सार्वजनिक ट्रेलरले त्रिकोणात्मक प्रेमकथा र द्वन्द्व झल्काउन खोजेको छ। ट्रेलरमा प्रदीप खड्का, आना शर्मा, दिव्या रायमाझी र राजबल्लभ कोइरालालाई विशेष रूपमा प्रस्तुत गरिएको छ। ट्रेलरले प्रदीप खड्काको महत्वाकांक्षी चरित्रको कथा देखाउँछ, जसलाई आफ्नो लक्ष्य प्राप्त गर्न विभिन्न तगाराहरू पार गर्नुपर्छ ।

आजको विचार...



बैंकमा...
(दुई पेजमा)

डा. होमनाथ गैरे

पहाडी समुदायको केटा र मधेशी समुदायकी केटीको रहनसहन तथा मेलमिलापको विषयवस्तुलाई समेटेर निर्देशक दीपेन्द्र गौचनले चलचित्र 'मिसिङ: केटी हराएको सूचना' निर्देशन गरेका छन्। वृत्तचित्र 'उजेली', 'हाम्रो मुमिन' लगायत निर्देशन गरेर परिचित हुनुभएका निर्देशक गौचनले नेपाली चलचित्रमा कमै देखिने मधेशको कथालाई विषय बनाएको बताए। चलचित्रमा अभिनेता हुसेन राम र अभिनेत्री श्रेष्ठ सीताको भूमिकामा छन्। ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको चलचित्रमा सञ्जय गुप्ता, अभिनय गरेका छन्।



❒ वर्ष ३० ❒ अंक १७६ ❒ २०८१ माघ ६ गते आइतबार 19 January 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आज लुम्बिनी प्रदेशसभाको बैठक बस्दै

**बुटवल,** माघ ५/लुम्बिनी प्रदेशसभाको पाँचौं अधिवेशनको तेस्रो बैठक आइतबार (आज) बस्दै छ । दिउँसो १ बजे बैठक बस्ने कार्यतालिका तय भएको प्रदेशसभाका सचिव दुर्लभकुमार पुनले बिहीबार जारी सूचनामा उल्लेख छ । बैठकमा प्रदेश सरकारको पुस ६ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई कार्यन्वयनमा रहेको लैङ्गिक समानता नीति-२०८१ को बारेमा जानकारी दिने र दोस्रो बैठकमा छलफलका लागि पेश भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल हुने सम्भावित कार्यसूची रहेको छ । यसअघि प्रदेशसभाको दोस्रो बैठक पुस १७ गते बसेको थियो । दोस्रो बैठकले प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले सन्देशसहित फिर्ता पठाएका प्रदेश निजामती कर्मचारीसम्बन्धी प्रदेश निजामती सेवा ऐन,-२०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हुबहु पारित गरेको थियो । पारित दुवै विधेयक सभामुख तुलाराम घर्तीले प्रमाणित गरेर पुन: पुस १९ गते नै प्रदेश प्रमुखसमक्ष पठाएका थिए । प्रदेश प्रमुख घर्तीले पुस २७ र २८ गते प्रमाणिकरण गरेपछि प्रदेशसभाको तेस्रो बैठक बस्न थालेको हो ।

# पाल्पामा बढ्दो साइबर अपराध

## ११ महिनामा ५३ उजुरी

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ ५/इन्टरनेटको पहुँच बढेसँगै पाल्पामा पनि साइबर अपराधको दर बढ्दो छ । विद्युतीय माध्यमको दुरुपयोगबाट हुने अपराधको ग्राफ बढ्दै गएको जिल्ला प्रहरी कार्यालयमा पर्ने उजुरीले देखाएको हो ।

यहाँ चालु आर्थक वर्षको पुस २९ गतेसम्म ५३ वटा साइबर अपराधका उजुरी परेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्दका अनुसार २०८०/११/७ देखि २०८१ /०९/ २९ गते सम्म साइबर अपराध सम्बन्धी ५३ वटा उजुरी दर्ता भएका हुन् । जसमध्ये फेसबुक ह्याचिङ सम्बन्धी १६ र अनलाईन फ-राउण्ड सम्बन्धित ३७ उजुरी दर्ता रहेका छन् । साइबर अपराधमा मुद्दा चलेकामध्ये हालसम्म १७ वटा मात्र फर्स्यौट भएको प्रहरी उपरीक्षक चन्दले बताए । उनका अनुसार आर्थिक अपराध बढ्दो रुपमा रहेको छ । जसमा अनलाईन फ-राउण्ड, बैकिङ् फ-राउण्ड, लोट्री, अनलाइन सपिङ्ग सम्बन्धी केसहरु बढी छन् । सूचना प्रविधिको विकास र प्रयोगसँगै देखिने यस्ता प्रवृत्ति र

**साइबर अपराध अनुसन्धानको अवस्था**

मिति २०८०/११/०७ गते देखि मिति २०८१/०९/२९ गतेसम्म

| सि.नं. | साइबर अपराध | निवेदन/उजुरी | | |
|---|---|---|---|---|
| | | दर्ता | फछ्यौंट | बाँकी |
| १ | Facebook Hacking | १६ | १२ | ४ |
| २ | Online Fraud | ३७ | ५ | ३२ |
| जम्मा | | ५३ | १७ | ३६ |

*स्रोत : जिल्ला प्रहरी कार्यालय पाल्पा*

अपराधका नयाँ शैलीले साइबर अपराध अनुसन्धान कार्यलाई चुनौती थपेको उपरीक्षक चन्दको भनाई छ । उनले प्रविधिसँगै प्रयोगकर्ता बढेको र त्योसँगै अपराधिक गतिविधि पनि बढ्दो रहेको बताए । 'प्रविधिको विकाससँगै प्रयोगकर्ता पनि बढिरहेका छन् । अपराधीहरूले विभिन्न सामाजिक सञ्जालको दुरूपयोग गरी साइबरजन्य अपराध गर्ने गरेका छन् । यसबाट जोगिन सबै सचेत हुन आवश्यक छ,' उनले भने । उनले यस्ता अपराध हुन नदिन प्रहरीले सचेतना फैलाउने, अपराधीलाई कानूनी दायरामा ल्याउने र साइबर ब्यूरोलाई अझ प्रभावकारी बनाउँदै अनुसन्धान र कारवाहीलाई तीव्रता दिइएको बताए । साइबर अपराधका घटनाहरु पाल्पासहित देशैभर बढ्दो छन् । साइबर अपराध सम्बन्धी प्रहरीमा आउने केसहरू फरक-फरक हुने गरेका छन् । धेरै जसो फेक अकाउन्ट बन्द गर्ने, ह्याक भएको आइडी बन्द गर्दिन, सामाजिक सञ्जालबाट चरित्र हत्या सम्बन्धी, महिला तथा बालबालिकासँग जोडिएका केसहरू, यौन हिंसा सम्बन्धी र पछिल्लो समयमा चाहिँ अनलाइनको माध्यमबाट ठगी भएका उजुरीहरू धेरै आउने गरेका छन् ।

**साइबर अपराध भनेको के हो ?**

विभिन्न विद्युतीय सामाग्रीहरूमा पहुँच बनाएर अथवा त्यसैको दुरुपयोग गरेर गरिने अपराधलाई साइबर अपराध भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कतिपय अवस्थामा मेसिनले नै मेसिनलाई प्रयोग गरेर सेवा अवरुद्ध गर्नु र गैर कानुनी काम गर्नुलाई पनि साइबर अपराध भन्ने गरेको पाइन्छ ।

# पाल्पाको वसन्तपुरमा नेपाल-भारत सीमा सुरक्षा बैठक



**बुटवल,** माघ ५/पाल्पाको तिनाउँ गाउँपालिका-३ स्थित वसन्तपुर डाँडामा नेपाल-भारत सीमा सुरक्षा बैठक भएको छ । सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलवीचको डिआईजी स्तरीय समन्वयात्मक बैठक भएको हो ।

बैंठकमा सीमा क्षेत्रमा हुने अवैध क्रियाकलाप नियन्त्रण, सीमा स्तम्भहरुको मर्मत तथा सम्भार, दशगजा क्षेत्रमा हुने अतिक्रमण लगाएतका विषयमा छलफल भएको छ । बैंठकमा दशगजा क्षेत्र अतिक्रमण गरी बनाइएका भौतिक संरचनाहरु संयुक्त प्रयासद्वारा हटाउने, दशगजा क्षेत्रको सरसफाई तथा सौन्दर्यकरण गर्ने निर्णय गरिएको स्रोतले जनाएको छ । यस्तै बैठकले मानव तस्करी, अपहरण, नक्कली मुद्रा, हातहतियार, गोलिगट्ठा, लागूऔषध तथा प्रतिबन्धित औषधी लगायत अवैध वन्यजन्तु तस्करी नियन्त्रण, गैरकानुनी रुपमा प्रवेश गर्न खोज्ने तेस्रो देशका नागरिकहरुको नियन्त्रण तथा रोक लगाउने विषयमा विस्तृत रुपमा छलफल गरी दुई देशका सीमा सुरक्षा निकट बीच समन्वय र सहकार्य बढाउने निर्णय समेत गरेको जनाइएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालयको आयोजनामा छैठौ समन्वयात्मक बैठक भएको हो ।

# भार्सेका किसान व्यावसायिक किबीखेतीमा



**गुल्मी,** माघ ५/गुल्मीमा व्यावसायिक किबीखेतीमा किसानको आकर्षण बढ्दै गएको छ । जिल्लाको सत्यवती गाउँपालिका-८ अन्तर्गत भार्सेका किसानले किवी बिक्री गरेर वार्षिक ८० लाखभन्दा बढी आम्दानी गर्न थालेका छन् । २०६५ सालदेखि किबी लगाउन थालेका त्यहाँ किसानको बारी यतिबेला किबीका लहराले ढपक्कै ढाकेको छ । भार्सेका किसान यतिबेला किबीको व्यावसायिक उत्पादन सुरु गरेपछि उनीहरूको आर्थिकस्तर समेत वृद्धि हुँदै जान थालेको छ ।

जिल्लामा सबैभन्दा धेरै किबी उत्पादन गर्ने पालिकामा सत्यवती गाउँपालिका पर्छ । सत्यवतीको भार्सेमा हाल ४० हेक्टर क्षेत्रमा किबीको व्यावसायिक रूपमा उत्पादन हुँदै आएको छ । यो वर्ष त्यहाँका किसानले ८० टनभन्दा बढी किबी उत्पादन गरेको स्थानीय किसान एवं वडासदस्य यमबहादुर थापाले जानकारी दिए । भार्सेमा उत्पादित किबी स्थानीय बजार तथा पाल्पा र बुटवलसम्म पुग्ने गर्छ । बजारमा उपलब्ध किबीको तुलनामा भार्सेमा उत्पादित किबीको औषत मूल्य दुई सय छ । यहाँका किसानको मुख्य आम्दानी यतिबेला किबीखेती बनेको छ । सत्यवती गाउँपालिकाले भार्सेलाई किबीको पकेट क्षेत्र घोषणा गरेसँगै किबी उत्पादनमा स्थानीयको आकर्षण बर्सेनि बढ्दै गएको हो । किबीखेतीको व्यावसायिक उत्पादनका लागि किसानलाई गाउँपालिकाबाट प्राविधिक सहयोगदेखि तालिम, बिरुवा, पोल निर्माण र सिँचाइलगायत क्षेत्रमा सहयोग गर्दै आएको गाउँपालिका अध्यक्ष टीकाराम सापकोटाले बताए । यस वर्ष पनि गाउँपालिकाबाट नर्सरी स्थापना, बगैँचा व्यवस्थापनसँगै किबीको जाम र वाइन बनाउने तालिम प्रदान गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले जानकारी दिए । भार्सेका किसान यमबहादुर थापाले व्यावसायिक रूपमा किबीखेती गर्दै आएका छन् । उनले लगाएका एक सय ५० बोटमध्ये एक सय ३० बोटले फल दिन थालेको बताए । यसपटक थापाले २५ क्विन्टल किबी स्थानीय बजार हुँदै पाल्पा र बुटवलसम्म बिक्रीका लागि पठाइसकेका छन् । गत वर्षको तुलनामा यसपटक उत्पादन बढेसँगै किबीको मूल्य घटेको उनको भनाइ छ । उनको बारीमा 'रेडकिबी', 'हेवार्ड', 'एलिसन', 'ब्रुनो' गरी चार जातका किबी रहेका छन् । अन्य खेतीको तुलनामा किबीबाट राम्रो आम्दानी हुने उनको अनुभव छ । यीमध्ये एलिसन जातको किबी मीठो र स्वादिलो हुने थापाले बताए । सिजनमा भार्सेका बारी किबीले ढपक्कै ढाकिएका हुन्छन् । किबीको बिरुवाले रोपेको तीन वर्षबाटै फल दिन सुरु गर्दछ । यसले एउटै बोटबाट ६० देखि एक सय २० किलोसम्म फल दिने गरेको वडाध्यक्ष होमबहादुर रानाले बताए । बाँदर, बँदेल र चराचुरुङ्गीबाट अन्य खाद्य बाली जोगाउन समस्या परेको अवस्थामा किबीखेती त्यहाँका किसानका लागि वरदान सावित भएको छ । किबी बढी झुसिलो हुने भएका कारण पनि अन्य वन्यजन्तु टाढै बस्ने गरेको बताइएको छ । जिल्लामा एक हजार दुई सय मिटरदेखि दुई हजार मिटर उचाइसम्म किबीखेती गरिँदै आएको छ । गुल्मीमा सत्यवती गाउँपालिकालगायत कालीगण्डकी, मदाने, मालिका, धुर्कोट, छत्रकोटलगायत पालिकामा किबीको व्यावसायिक खेती गर्न थालिएको छ । किबी फल एक स्वस्थ र स्वादिष्ट फल मानिन्छ । किबीमा भिटामिन 'सी' धेरै हुने भएका कारण यसले रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउँछ । यसमा फाइबरसमेत पाइने भएकाले पाचन प्रक्रियालाई पनि राम्रो बनाउन मद्दत गर्छ । यसलाई जुस बनाउन र सलादका रूपमा प्रयोग गर्ने गरिन्छ । यो फलमा धेरै पौष्टिक तत्व भएका कारण सबै उमेर समूहका व्यक्तिका लागि उपयुक्त मानिन्छ ।

*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## अराजक गतिविधि बन्द गर

पछिल्लो समय न्यायलयप्रतिको सम्मानमा आक्रमण हुँदै गएको छ । भित्र बहस चलिरहने र बाहिर अदालत परिसरमा अराजक गतिविधि हुनुले न्यायलयमाथि आक्रमण बढेको ठहर भएको छ । केही दिन अघि मात्रै काठमाडौं जिल्ला अदालत परिसरमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भएको हातपातको घटनाले लज्जित बनाएको छ । गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन प्रबन्ध निर्देशक तथा रास्वपा सभापतिसमेत रहेका रवि लामिछानेले काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको बचत अपचलन गरेको भन्दै परेको मुद्दामा सहकारीपीडितका तर्फबाट अदालतमा बहस गरेर निस्किएका त्रिपाठीमाथि रास्वपाका समर्थकहरुले हातपात गरेका थिए । यो घटना यति बेला सर्वत्र निन्दाको विषय हुन पुगेको छ ।

अदालत परिसरभित्र भएका यस्ता उद्दण्डताले रास्वापाका लागि राम्रो सन्देश भने हैन । अभियुक्तको पक्ष–विपक्षमा बहस पैरवी गर्ने कानुन व्यवसायीको कर्तव्य नै हो । अदालत भनेकै पक्ष–विपक्षका तर्क र प्रमाणका आधारमा न्याय दिन खडा भएको संस्था हो । तर, आफ्ना पक्षमा मात्रै बहस र फैसला होस् भन्ने एकांगी तर्क तथा मूढेबलका आधारमा जबर्जस्ती हुन थाल्यो भने शासकीय प्रणाली, न्यायिक प्रणाली, सामाजिक सोच, नेतृत्व र संगठन कसरी लोकतान्त्रिक होला ? यो अहिलेको महत्वपूर्ण प्रश्न हो । नागरिकको अन्तिम न्यायको आसाकेन्द्र अदालतमा यस्तो अराजक गुण्डागर्दी अस्वीकार्य हुन्छ ।

कुनै पनि व्यक्ति विशेषमाथि आरोप लाग्नु, अनुसन्धान हुनु, मुद्दा चल्नु, अदालतले धरौटी माग्नु वा नमाग्नु र अन्तिम फैसलाबाट दोषी वा निर्दोष सावित हुनु कानुनी राजमा स्वाभाविक उपक्रम हुन् । लामिछानेको हकमा पनि त्यही भइरहेको छ । अदालतले अहिले आदेश दिँदा सहकारी ठगीमा लामिछानेको संलग्नता देखिएको भन्दै प्रस्तुत गरेका आधारलाई खण्डन गर्ने गरी तथ्य प्रस्तुत गर्ने सम्पूर्ण अधिकार लामिछानेलाई छ । त्यो लडाइँ तथ्य र तर्कका आधारमा हुने हो, हुलहुज्जतका आधारमा होइन । तर, अदालत परिसरमै यस्ता गतिविधि हुनु गलत हो । यसर्थ सम्मानित न्यालय जस्तो अदालत र न्यायमूर्तिमाथि जो जसले अराजक गतिविधि गरे त्यो पक्कै पनि राम्रो हैन । आगामी दिनमा यस्ता गतिविधिहरु नदोहोरियोस् भन्नका लागि बेलैमा सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

हाम्रो साँचो जीवन त्यो हो जब हामी हाम्रो सपनामा ब्यूँझन्छौं।

बिसाल पराजुली *कोफेसबुकबाट* ;*https://www.facebook.com/Bishal.111*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बैंकमा तरलता, बजारमा मिटरब्याज



**डा. होमनाथ गैरे**

गत पुस २४ गते नेपाल राष्ट्र बैंकले मुलुकको वित्तीय प्रणालीबाट ८० अर्ब रूपैयाँ खिचेर आफ्नो ढुकुटीमा राखेको समाचार आयो । बैंक तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम (तरलता) बाट कर्जा वा सापटी लिने ग्राहक (ऋणी) नआएपछि ब्याजदरमा चाप पर्ने हुन्छ । यस्तै अवस्था देखिएपछि केन्द्रीय बैंकले बैंकिङ प्रणालीबाट उक्त परिमाणको नगद उठाएको हो । विगत केही महिनादेखि केन्द्रीय बैंकले हरेक हप्ताजसो बैंकिङ प्रणालीबाट नगद उठाउँदै आएको छ। अर्थतन्त्रमा तरल सम्पत्ति वा नगदको उचित मात्रा व्यवस्थापन गर्न राष्ट्र बैंकले विभिन्न मौद्रिक औजार प्रयोगबाट बजारमा बढी भएको नगद खिचेर आफ्नो ढुकुटीमा राख्छ । त्यस्तो नगद आवश्यकता अनुसार बजारमा पठाउँछ । खासगरी एक महिनाभन्दा छोटो समयका लागि पैसा खिच्ने र प्रवाह गर्ने गरिन्छ। त्यसरी बजारबाट खिचिएको करिब डेढ खर्ब रूपैयाँ हाल राष्ट्र बैंकको ढुकुटीमा छ । राष्ट्र बैंकले सम्बन्धित बैंकलाई त्यसको ब्याज समेत तिरिरहेको छ । विगत केही वर्षदेखि नेपालमा बैंकिङ प्रणालीको लगानीयोग्य रकम (तरलता) र ब्याजदर आर्थिक समाचारको प्रमुख विषय बन्ने गरेको छ। राष्ट्र बैंकले त्यति ठूलो परिमाणमा तरलता खिचेपछि वित्तीय सेवाको पहुँचका सन्दर्भमा व्याप्त विसंगति फेरि एकपटक सतहमा आएको छ । करिब एक वर्षअघिसम्म बैंकिङ प्रणालीमा तरलता अभाव र ब्याजदरमा तीव्र उतारचढावले व्यावसायिक वातावरणमा प्रतिकूल असर गरेको विषय चर्चाको शिखरमा थियो । त्यस बेला प्रणालीमा मागको तुलनामा तरलता आपूर्ति कम भई कर्जाको ब्याजदर बढेर दोहोरो अंकमा पुगेको थियो ।

**अहिलेको समस्या अर्कै छ ।**

एकातर्फ बैंकिङ प्रणालीमा तरलता धेरैभएर नेपाल राष्ट्र बैंकले हरेक हप्ताजसो अर्बौं रूपैयाँ बजारबाट उठाएर बैक तथा वित्तीय संस्थाहरूलाई ब्याज तिर्नुपरेको छ । अर्कोतर्फ बैंकमा निक्षेप राख्ने बचतकर्ताले पाउने ब्याजदर अर्थतत्रको मुद्रास्फीति दरभन्दा पनि तल पुग्दा बचतको प्रतिफल ऋृणात्मक हुन गएको छ । कर्जाको ब्याजदर घटेर एकल अंकमा आएको छ । तैपनि बजारमा कर्जाको मागै नभएर बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न सुविधासहितका आकर्षक लगानी योजना ल्याउँदा पनि माग बढ्न सकेको छैन । उता बैंक तथा वित्तीय संस्थाहरूको पुरानो लगानीको साँवाब्याज असुली नियमित हुन नसक्दा निष्क्रिय कर्जा, कर्जा नोक्सानी कोष र गैरबैंकिङ सम्पत्ति चुलिएको छ । यसले सेयरधनीले पाउने लाभांश पनि घटाएको छ ।

विभिन्न बहानामा विदेश जाने युवाजनशक्तिको लर्को छ । नेपालमै उद्यमशीलतामा लागेका साना तथा मझौला व्यवसायी धितो राख्ने स्थिर सम्पत्ति नभएर कर्जा पाउने नसक्ने अवस्थामा छन् । सहकारी संस्थामार्फत कारोबार गर्नेहरूको बचत र सहरकारीको लगानी डुबेको विषयले त देशको राजनीतिमै प्रभाव पारेको छ । औपचारिक वित्तीय प्रणालीमा पहुँच नभएका र वित्तीय साक्षरता न्यून भएका घरेलु तथा साना व्यवसायी र साना ऋृणीहरू मध्ययुगीन सामन्ती सुदखोरी प्रथाको झल्को दिने अनुचित लेनदेन ( मिटरब्याज) को चक्रब्यूहमा फस्ने गरेका छन् । यस आलेखमा मध्ययुगीन सामन्ती तथा सुदखोर (मिटरब्याज) प्रवृत्तिले समाजमा निम्त्याएको विसंगतिको चर्चा गरेको छु । त्यस्तो प्रवृत्ति न्यूनीकरण तथा रोकथामका लागि राज्यतर्फबाट भएका प्रयास र उपलब्धिको पनि चर्चा गरेको छु ।

**मिटरब्याज र यसको समस्या**

सर्वसाधारणले बुझ्ने गरी भन्दा मिटरब्याज भनेको गैरकानुनी तरिकाले ऋृण दिएर अस्वाभाविक रूपमा लिने उच्च ब्याज नै मिटरब्याज हो । नेपाल सरकारले २०८० सालमा बनाएको कानुनले यस्तो अनुचित लेनदेनलाई गैरकानुनी कारोबारका रूपमा परिभाषित गरेको छ । त्यस्तो गैरकानुनी क्रियाकलाप कानुनी दायरामा ल्याउन सरकारले 'मुलुकी संहिता' सम्बन्धी केही नेपाल ऐन संशोधन गरेको छ । मिटरब्याजमा ऋृण दिने साहुले कागजमा लेखिएको वा द्विपक्षीय सहमति भएकोभन्दा निकै बढी ब्याज लिन्छ । रकम असुलीका लागि गालीबेइज्जति, धाकधम्की, शरीर बन्धक, सम्पत्ति कब्जा जस्ता अपराधका उपाय समेत अपनाउँछ । यस्तो गैरकानुनी ऋृणमा अत्यधिक उच्च ब्याजदर हुन्छ । ऋृण दिने साहुले हरेक वर्ष ब्याजको रकम साँवामा जोडेर जबरजस्ती अर्को लिखत बनाउँछ । यस्तो ऋृणमा कुनै औपचारिक कानुनी प्रक्रिया नहुँदा साहु र ऋृणी दुवै असुरक्षित हुन्छन् । यस्तो ऋृण गैरकानुनी हुने भएकाले साहुले असुलीमा कानुको सहारा लिन सक्दैनन् । ऋृण उठ्दैन भन्ने लागेमा वा सम्पत्ति कब्जा गर्ने नियत भएमा उसले आपराधिक गतिविधि गर्छ । नेपालमा मिटरब्याजको समस्या ग्रामीण क्षेत्रमा मात्र सीमित छैन, सहरी क्षेत्रमा पनि उत्तिकै छ । यस्तो गैरकानुनी ऋृण लेनदेनले न्यून आय भएका र सोझासिधा मानिसलाई आर्थिक रूपले कहिल्यै नउम्कने ऋृणको पासोमा पारेको हुन्छ । पासोबाट उम्किन रहलपहल सम्पत्ति समेत गुमाउनुपरेको छ । कतै त ज्यानै जाने अवस्था समेत सिर्जना भएको छ । अनुचित लेनदेन ( मिटरब्याज) सम्बन्धी जाँझबुझ आयोगले दिएको सुझाब अनुसार कानुनमा भएको संशोधनले मिटरब्याजी साहुविरूद्ध ठगी र सम्पत्ति शुद्धीकरणको मुद्दा चलाउन सक्ने व्यवस्था गरेको छ । तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याज प्रथालाई सामन्ती शोषणको अवशेष भनेका थिए । संशोधित ऐनले त्यस्तो सामन्ती शोषणमा न्यायको बाटो खोलिदिएको छ । ऋृण लेदनदेनमा अन्यायमा परेको पक्ष कानुनी उपचारमा जान पाउने भएको छ ।

**कहाँ छ विसंगति ?**

सरकारले २०७९ चैतमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो । उक्त आयोगले ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पीडित सहायता कक्ष खडा गरेर उजुरी आह्वान गरेको थियो जसमा २५ हजार हाराहारी उजुरी परेका थिए । आयोगको अध्ययनमा पीडित ऋृणीहरूले विवाह, ब्रतबन्ध, औषधोपचार, वैदेशिक रोजगारी जस्ता प्रयोजनमा र मृत्यु जस्ता घटनामा स्थानीय साहुसँग ऋृण लिएको पाइएको थियो । आयोगले बैंक तथा वित्तीय संस्था, सहकारी, लघु वित्त लगायतले गरिबीको रेखामुनिका सर्वसाधारणलाई ऋृण नपत्याएपछि स्थानीय साहुसँग महँगो ब्याजमा ऋृण लिनुपरेको यथार्थ समेत पुष्टि गरेको थियो । मिटरब्याजी साहुहरूले ऋृणीको जग्गा बन्धक राख्ने मात्र होइन कि, ऋृण दिँदा नै छिन्ती गराएर हडप्ने गरेको, ऋृणीसँग खाली चेक लिएर दोब्बर-तेब्बर रकम लेखी चेक बाउन्समा मुद्दा हालेको, ऋृणभन्दा कयौं गुणा बढी रकम तिरिसक्दा पनि ऋृणमुक्त नभएको जस्ता घटनाहरू आयोगले फेला पारेको थियो । तराईका अधिकांश र कतिपय पहाडी जिल्लाहरूमा वर्षौंदेखि अनुचित लेनदेनमा ठूलो झमेला रहेको पाइएको छ । दिएको भन्दा तीन गुणासम्म बढी रकम लेखेर कपाली तमसुक बनाउने, साँवाब्याज भुक्तानी गरिसक्दा पनि तमसुक फिर्ता नगर्ने र आपराधिक उपायबाट शोषण गरिरहने प्रवृत्ति छ । आयोगको सिफारिसपछि कानुन संशोधन भए पनि समस्या सुल्झिएको छैन । राजनीतिक दलका कतिपय नेता तथा पहुँचवाला कार्यकर्ता पनि मिटरब्याजी साहु छन् । तिनले आफूविरूद्धको मुद्दा कमजोर पार्ने प्रयास गर्ने गरेका छन् । अन्य साहुहरूले पनि आफ्ना पक्षमा पहुँच पुऱ्याउने गरेका छन् । मिटरब्याजको समस्या समाधान गर्न, पीडितलाई न्याय दिन र वित्तीय क्षेत्रको असन्तुलन न्यूनीकरण गर्न सबै तहका सरकार, नेपाल राष्ट्र बैंक र विभिन्न कानुनी तथा सामाजिक संयन्त्रहरू सक्रिय हुन जरूरी छ । सर्वसाधारणमा सुलभ वित्तीय पहुँच स्थापित गरी अर्थतन्त्र गतिशील बनाउने र न्यून आय भएका परिवार तथा समुदायको जीवनस्तर सुधारमा योगदान गर्ने उद्देश्यले स्थापित वित्तीय वित्तीय संस्थाहरू सहयोगी हुन सकेनन् । यस परिस्थितिमा स्थानीय साहुसँग ऋृण लिनुपर्ने बाध्यता भयो । न्यून आय भएका परिवार र साना तथा मझौला व्यवसायीलाई सहुलियत ढंगले वित्तीय सेवा प्रदान गर्न सरकार र केन्द्रीय बैंकले लघुवित्त संस्था प्रवर्द्धन गरे । आखिर तिनै संस्थालाई पनि 'लाइसेन्स प्राप्त मिटरब्याजी' भन्ने आरोप लाग्ने गरेको छ । नियामक निकायबाट विभिन्न समयमा कतिपय लघुवित्त संस्थामाथि कारबाही पनि भएको छ । मिटरब्याज भनिने गैरकानुनी लेनदेन हाम्रो अर्थतन्त्रको ठूलो समस्या हो । यसले देशको अर्थतन्त्र असन्तुलित बनाएको छ । बैंकिङ प्रणालीमा रहेको ठूलो परिमाणको रकम केन्द्रीय बैंकको ढुकुटीमा थन्किनुको कारण पनि यही हो ।

**समाधानको बाटो**

मिटरब्याजको समस्या समाधान र विसंगति अन्त्यका लागि कानुनी उपचार प्रभावकारी बनाउनुपर्छ । पीडितलाई मिटरब्याजी साहुविरूद्ध उजुरी गर्न प्रोत्साहित गर्नुपर्छ । पीडितले प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सक्ने व्यवस्थाको उपयोग गर्नुपर्छ । सरकारले मुद्दा कमजोर बनाउने प्रवृत्ति अन्त्य गर्न अनुसन्धान प्रभावकारी बनाउनुपर्छ । मुद्दा अदालतमा पेस गरेर न्याय माग्न सकिन्छ । साहुको धम्कीबाट जोगिन अदालतबाट अस्थायी संरक्षण आदेश समेत लिन सकिन्छ । मिटरब्याजी प्रथा अन्त्य गर्न प्रदेश सरकार र स्थानीय तहले कडा कानुनी व्यवस्था गर्न सक्छन् । स्थानीय तह, गैरसरकारी संस्था र सामाजिक अभियानमार्फत आममानिसमा मिटरब्याज तथा अनुचित लेनदेनको जोखिमबारे जागरण कार्यक्रम चलाउनुपर्छ । ऋृण लेदनदेन प्रक्रियाबारे कानुनी व्यवस्थाबारे जानकारी गराउनुपर्छ । सर्वसाधारणलाई औपचारिक वित्तीय स्रोतबाट मात्र ऋृण लिन प्रेरित गर्नुपर्छ । स्थानीय सरकारले न्यून आय भएका परिवारलाई सहकारी संस्था वा बैंकिङ प्रणालीमार्फत उचित ब्याजदरमा ऋृण दिने कार्यक्रम ल्याएर मद्दत गर्नुपर्छ । यस्तै मद्दत साना तथा मझौला व्यवसायीलाई पनि गर्नुपर्छ । समाजले पीडितलाई असहयोग गर्ने र पीडकलाई समर्थन गर्ने प्रवृत्तिको अन्त्य हुन आवश्यक छ । सुदखोर ऋृणदाताले कसैलाई पनि बाँकी नराख्ने हुनाले पीडितलाई जोगाउन सामूहिक कदम चाल्नुपर्छ । पीडितलाई हतोत्साहित गर्नु हुँदैन, मनोवैज्ञानिक परामर्श समेत उपलब्ध गराउनुपर्छ । यसमा समाजसेवी गैरसरकारी संस्था र स्थानीय सरकारले सहकार्य गर्न सक्छन् । स्वरोजगारी र आयमूलक कार्यक्रमबाट मिटरब्याजको समस्या बिस्तारै समाधान हुन सक्छ । पारिवारिक खर्चका लागि आवश्यक रकम आम्दानी गर्न सक्ने व्यवसाय गर्न प्रोत्साहित गर्नुपर्छ । यसका लागि आवश्यक तालिमको प्रबन्ध गर्नुपर्छ । कानुनी निकायबाट सहुलियत ब्याजमा ऋृण पाउने व्यवस्था गर्नुपर्छ । पीडितका पक्षमा कानुन बन्यो, न्यायको बाटो खुला भयो तर प्रतिकूलता अन्त्य भएको छैन । कानुन मात्रले समस्या समाधान हुँदैन । आवश्यक परेका बेला वैध संस्थाबाट ऋृण पाउने सुविधा हुनुपर्छ । तब मात्र मिटरब्याजी प्रथा व्यावहारिक रूपमा अन्त्य हुन सक्छ ।

***-सेतोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यमा सफलता मिल्नेछ। आफ्नो प्रतिभाको प्रदर्शन गर्ने अवसर पाउनुहुनेछ। | **तुला** : आत्मीयजनको साथ र सहयोग मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। |
| **वृष** : कार्यक्षेत्रमा कार्यभार बढ्नेछ। स्वास्थ्यलाई लिएर चिन्तित रहनुहुन्छ,। | **वृश्चिक** : सबैको सहयोग मिल्नेछ। पिताको स्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **मिथुन** : आत्मविश्वासमा वृद्धि हुनेछ। आर्थिक पक्ष सामान्य रहनेछ। | **धनु** : कार्यक्षेत्रमा आयस्रोत बढ्नेछ। मेहनतको उचित मूल्यांकन मिल्नेछ। |
| **कर्कट** : साहित्य र कलामा रुचि बढ्नेछ। शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। | **मकर** : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। कार्यक्षेत्रमा नयाँ जिम्मेवारी मिल्नेछ। |
| **सिंह** : चिन्तननतिर झुकाव रहनेछ। अविवाहितहरूलाई विवाहको प्रस्ताव मिल्नेछ। | **कुम्भ** : यवसायमा लाभ रहनेछ। संवैधानिक पदको मर्यादा राख्नुहोला। |
| **कन्या** : वैदेशिक रोजगारबाट लाभ प्राप्त हुनेछ। रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि हुनेछ। | **मीन** : पेशामा चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ। अतिरिक्त दबाब रहनेछ। |

**कृषि**

# बिउको गुणस्तर परीक्षण गर्ने प्राविधिकको अभाव

लुम्बिनी प्रदेश, कृषि निर्देशनालय बुटवलमा कार्यरत बिउ निरीक्षक तथा विश्लेषक जेदुराम घिमिरेलाई हालै भैरहवास्थित कृषि बिउ बिजन प्रयोगशालामा खटाइएको छ । तोरीको बिउ परीक्षण गरेर सकेका घिमिरे अब गहुँको बिउ परीक्षण गर्ने तयारीमा छन् । लुम्बिनी प्रदेशभरि उनको कार्यक्षेत्र हो । बिउ परीक्षणका लागि कम्तीमा दुई पटक फिल्डमा अनिवार्य जानुपर्ने भन्दै प्रदेशभरि एक्लै खट्नुपर्दा निकै गाह्रो हुने उनले बताए । खजुरा बिउ बिजन प्रयोगशाला बाँकेमा कार्यरत बिउ निरीक्षक तथा विश्लेषक अनिल चौधरीलाई पनि उस्तै समस्या छ । बिउ कम्पनीहरूले ल्याएको मूलबिउ परीक्षण तथा प्रमाणीकरणका लागि सरकारले तोकिएका बिउ बिजन अधिकारी लुम्बिनी प्रदेश सरकार मातहत जम्मा ३ जना छन् । बिउ बिजन प्रयोगशाला भैरहवामा घिमिरे, बिउ बिजन प्रयोगशाला खजुरा (बाँके)मा चौधरी र कृषि मन्त्रालयमा बिउ निरीक्षक तथा विश्लेषक अर्जुन प्रसाद खनाल छन् । यी तीन जनाले प्रदेश सरकार मातहत बिउ निरीक्षक तथा विश्लेषकको काम गर्नुपरेको छ ।



जनशक्ति निकै कम भएकाले प्रदेशभरि हेर्न समस्या रहेको खनाल बताउँछन् । उनले भने, 'हामी तीन जना छौँ । संघीय सरकारबाट एक जना सुदिप देवकोटा हुनुहुन्छ । तर उहाँ परियोजना अन्तर्गत भएकाले प्रदेशले उहाँलाई आग्रह गर्नमात्र सक्छ, निर्देशन दिन सक्दैन ।' बिउ निरीक्षक र बिउ विश्लेषकहरू बिउ निरीक्षणका क्रममा खेती भएकै ठाउँमा जानुपर्ने हुन्छ । प्राविधिक जनशक्तिको अभाव रहेकाले अहिले धेरै किसानको खेतबारीमा पुग्न नसकेको बिउ निरीक्षकहरू बताउँछन् । लुम्बिनी प्रदेश सरकारका प्रवक्ता एवं कृषिमन्त्री दिनेश पन्थीले उक्त विषय अध्ययन गरेको जनशक्ति कम रहेकाले समस्या भएको बताए । रुपन्देहीको सियारीमा रहेको ज्ञान विज्ञान बिउ उत्पादक कृषि सहकारी संस्थाले लामो समयदेखि विभिन्न बालीका बिउ उत्पादन, प्रशोधन, बिक्री वितरण गर्दै आएको छ । सो सहकारीका अध्यक्ष डोलाराज शर्माले गहुँको बिउका लागि किसानहरूले बिउ निरीक्षक नपाउँदा समस्या भएको बताए । सरकारी निरीक्षक नपाउँदा निजी निरीक्षकबाट भए पनि बिउ परीक्षण गराउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । राधाकृष्ण बिउ बिजन उत्पादक संस्थाका अध्यक्ष तथा जिल्ला बिउ उत्पादक समन्वय समिति रुपन्देहीका सचिव रमेश सिंह मिश्रले बिउ उत्पादक किसानहरूलाई सास्ती भइरहेको बताए । अधिकांश बिउ उत्पादक संस्था, सहकारी, फर्महरूले फिल्ड निरीक्षक, प्रमाणीकरण तथा प्रयोगशाला परीक्षण हुन नसक्दा समस्या झेल्नुपरेको उनको भनाइ छ । प्रदेशभरि निजी क्षेत्रमा ३२ जना बिउ निरीक्षक छन् । तर उनीहरू कहाँ छन् भन्नेबारे किसानलाई जानकारी नहुँदा बिउ उत्पादनमा समस्या भएको मिश्रले बताए । उनले भने, 'बिउ उत्पादक किसानले बिउ निरीक्षक फेला पार्न सक्दैनन् । गुणस्तरीय बिउ उत्पादन हुन नसक्दा भारतबाट बिउ ल्याएर खेती गर्नुपर्ने अवस्था बढ्दो छ ।' जिल्ला बिउ उत्पादक समन्वय समितिका अध्यक्ष शिवराम न्यौपानेका अनुसार लुम्बिनी प्रदेशका ३ वटा जिल्ला रुपन्देही, कपिलवस्तु र नवलपरासी खाद्यान्न बालीको बिउ बिजन उत्पादनको हब मानिन्छ । निरीक्षक र प्राविधिकको माग गर्दै जिल्ला बिउ उत्पादन समन्वय समिति रुपन्देहीले कृषि मन्त्रालयमा ज्ञापनपत्र समेत बुझाएको उनको भनाइ छ । लुम्बिनी प्रदेश कृषि निर्देशनालयका वरिष्ठ कृषि प्रसार निर्देशक रामप्रसाद पाण्डेले बिउ उत्पादनका लागि लुम्बिनी प्रदशेमा केही ठुला र राम्रा कम्पनी भएको उल्लेख गर्दै अहिले भएको जनशक्तिकै अधिकतम प्रयोग गर्ने र नयाँ जनशक्ति पनि खोजी गरिने बताए ।

*-रातोपाटी डटकम*

# एकै गाउँमा झण्डै पाँच करोडको सुन्तला उत्पादन

बागलुङको काठेखोला गाउँपालिका-६ सुन्तला गाउँका रुपमा परिचित छ । यस वडामा मात्रै झण्डै ३० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ भने पालिकाको अन्य क्षेत्रका किसानले पनि वर्षौंदेखि सुन्तला खेती गर्दै आएका छन् । हरेक वर्ष सुन्तला उत्पादनमा वृद्धि हुँदै गएपछि किसान हर्षित हुँदै गएका छन् । यस वर्ष पनि काठेखोलामा सुन्तला उत्पादन बढेपछि यति बेला किसानलाई विक्री गर्न भ्याइनभ्याइ छ । गत वर्षको तुलनामा यस वर्ष झण्डै रु दुई करोड बढी उत्पादन भएको हो । गत वर्ष साढे तीन करोडको उत्पादन भएकोमा यस वर्ष बढेर रु पाँच करोड ४० लाखको सुन्तला उत्पादन भएको काठेखोला गाउँपालिकाका कृषि प्राबिधिक अग्नी कँडेलले जानकारी दिए । पालिकाभर ४५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएकोमा यस वर्ष ३० हेक्टरमा लगाइएको बोटले उत्पादन दिएको उनको भनाइ छ । यस वर्ष ९०० मेट्रिक टन सुन्तला उत्पादन भएको कँडेल बताउन्छन् । यस वर्ष सुन्तलामा कुनै पनि रोग नलाग्दा राम्रो उत्पादन भएको उनले भने । पालिकाले सुन्तला खेती गर्ने किसानलाई प्राबिधिक सहयोग र तालिम दिँदै आएको कँडेलको भनाइ छ । उनले भने - 'खास गरि काठेखोला गाउँपालिकाको ६ नम्बर वडामा बढी सुन्तला उत्पादन भएको छ, वडा नम्बर ४ र ७ को केही क्षेत्रमा सुन्तला खेती हुन्छ, किसानलाई प्रोहोत्सान गर्नका लागि समय-समयमा तालिम दिने गरेका छौँ, ढुसीजन्य रोगबाट बचाउन



निलोतुथो दिने गरेको, आवश्यक प्राबिधिक सहयोग पनि गर्दै आएका छौँ, यस वर्ष पनि क्षेत्र विस्तार गर्ने कार्यक्रम छ ।' काठेखोला गाउँपालिका गत वर्ष पाँच हजार ५०० सय सुन्तला र तीन हजार कागतीका विरुवा वितरण गरेको थियो । सुन्तला खेती गर्न गाउँपालिकाको राम्रो साथ पाएका किसानले क्षेत्र विस्तारमा पनि ध्यान दिएका छन् । काठेखोला गाउँपालिका-६ का किसान लोकनाथ कँडेलले यस वर्ष रु १२ लाख ५० हजारको सुन्तला बेचिसकेको भन्दै अझै एक लाखको बाकी रहेको बताए । आफ्नो बगैचामा ३०० बोट सुन्तला रहेको भन्दै यस वर्ष २१० बोटल फल खिएको उनको भनाइ छ । 'हरेक वर्ष सुन्तला उत्पादन बढ्दै गएको छ, नयाँ बोटले पनि फल दिन थालेका छन्, किसानले सुन्तला बगैचा व्यवस्थापनमा पनि ध्यान दिन थालेपछि राम्रो फल्न थालेको छ,' कँडेलले भने - 'मरो बगैचामा नयाँ ९० बोट सुन्तला छन्, अर्को वर्षदेखि फल दिन्छन्, सुन्तला खेतीबाट आम्दानी राम्रो छ, पहिले कोदो मकै फल्ने ठाउँमा अहिले सुन्तला फलाउँछौँ ।' स्थानीय किसान देवीलाल कँडेलले अघिल्लो वर्ष रु तीन लाखको सुन्तला विक्री गरेको भन्दै अहिले चार लाख बढीमा व्यापारी बगैचामा आएर खरिद गरेको बताए । हरेक वर्ष बाहिरी व्यापारी आएर बोटैबाट सुन्तला खरिद गर्ने हुँदा आफूहरुलाई बजारको समस्या नभएको उनको भनाइ छ । बिहुँमा उत्पादन हुने सुन्तला चितवन, पोखरा, काठमाडौंसम्म पुग्ने गरेको कँडेलले बताए । ***रासस***

# कृषि मुलुक च्याउमा समेत परनिर्भर

पछिल्लो समय च्याउको उत्पादन र बजार दुवै विस्तार हुँदै गएको छ । कम लगानीमा बढीभन्दा बढी आम्दानी लिन सकिने भएकाले पनि किसानमात्रै नभई कर्पोरेट हाउसहरूसमेत च्याउ व्यवसायतर्फ आकर्षित हुन थालेका छन् । विगतमा आयातमा निर्भर नेपाल क्रमिकरूपमा आत्मनिर्भरतर्फ अग्रसर हुँदैछ । तथापि सरकारको स्पष्ट नीति नहुँदा अपेक्षाअनुसार च्याउको विकास विस्तार र प्रवर्द्धन भने हुन सकिरहेको छैन । चयाउ खेती आर्थिक र रोजगारीको दृष्टिकोणले अपार सम्भावना बोकेको कृषि व्यवसाय हो । अनुकूल भौगोलिक विविधताका कारण नेपालमा बाह्रै महिना यसको खेती गर्न सकिन्छ । अन्य नगदेबाली जस्तो धेरै जग्गा नचाहिने र छोटो अवधिभित्रै प्रतिफल प्राप्त गर्न सकिने नाफामुखी कृषि व्यवसाय भएकाले च्याउले गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्छ तर पनि च्याउ सरकारको खासै प्राथमिकतामा रहेको देखिँदैन । च्याउ अति नै पोषिलो र स्वास्थ्यवर्द्धक खाद्यवस्तु भएकाले विश्वबजारमा यसको माग अत्यधिक रहेको छ । नेपालमा धेरै जातका च्याउहरू पाइन्छन् तर यसको अध्ययन अनुसन्धान र विकास भने हुन सकेको छैन । नेपालमा बहुमूल्य जातका च्याउको उत्पादन र निर्यातको प्रचुर सम्भावना हुदाँहुदै पनि सरकारले चासो नदिएकाले नेपाल र नेपाली किसान च्याउका सम्भावित अवसरहरूबाड वञ्चित हुनुपरिरहेको छ । फ्रेस च्याउको आयात घटे पनि च्याउजन्य उत्पादन ठूलो परिमाणमा आयात भइरहेको छ ।



**मासु, फलफूल र तरकारीमा भन्दा बढी तत्व :** विभिन्न अध्ययनअनुसार च्याउमा प्रोटिनको मात्रा मासु र माछाभन्दा कम तथा धेरैजसो तरकारी तथा फलफूलभन्दा बढी पाइन्छ । शरीरलाई नभइनहुने नौवटा अत्यावश्यक अमिनो अम्लहरू कुनै पनि एउटै प्राकृतिक स्रोतमा हुँदैनन् तर यी सबै अत्यावश्यक अमिनो अम्ल च्याउमा पाइएको छ ।

च्याउमा पाइने प्रोटिन पचाउन पनि धेरै सजिलो हुन्छ, अन्य गेडागुडी र मासुको प्रोटिन पचाउन नसक्ने बालबालिका र वृद्धवृद्धाहरूका लागि त च्याउ झन् उपयोगी मानिन्छ । प्रोटिनबाहेक च्याउमा विभिन्न भिटामिन तथा खनिज तत्वहरू पनि पाइन्छन् । च्याउमा भिटामिन बी कम्प्लेक्स तथा भिटामिन सी पर्याप्तमात्रामा पाइन्छ । फोलिक एसिड तथा भिटामिन बी १२ जस्ता गर्भवती तथा दूध खुवाउने महिलालाई अति आवश्यक पोषक तत्वहरू सामान्य तरकारी सबैमा पाइँदैन तर च्याउमा एकसाथ पाइन्छ । फस्फोरस, सोडियम तथा पोटासियमजस्ता खनिज तत्वहरू पनि च्याउमा प्रशस्त मात्रामा पाइन्छ । व्यावसायिक कीट विकास केन्द्रद्वारा प्रकाशित च्याउ खेती प्रविधि पुस्तिकाअनुसार च्याउमा उच्च पोटासियम, सोडियम पाइन्छ, जुन ब्लडप्रेसरका बिरामीका लागि आवश्यक हुन्छ । च्याउमा सक्खर तथा बोसोको मात्रा धेरै कम हुने तथा कोलेस्टेरोलरहित भएकाले च्याउ मधुमेहका बिरामीका लागि अत्यन्तै फाइदाजनक मानिन्छ । च्याउमा रेशादार पदार्थसमेत बढी हुने भएकाले कब्जियतबाट बचाउनुका साथै दैनिक च्याउ खाने व्यक्तिलाई क्यान्सर रोग लाग्न नसक्ने स्वास्थ्यकर्मीको दाबी छ । त्यसैगरी च्याउले मानव शरीरका कोषहरूलाई चाँडो बुढो हुनबाट बचाउनुका साथै कोलेस्टेरोल घटाउँछ, जसको कारण फदयाघात, पक्षाघातजस्ता समस्याबाट जोगाउँछ । शरीरमा अनावश्यक गिर्खा आउनबाट रोक्छ भने रुघाखोकी निरोधक क्षमताका साथै हाड रोगको रोकथाममा पनि सहयोग गर्छ ।

**सम्भावना र चुनौती :** च्याउ खेती आर्थिक र रोजगारीको दृष्टिकोणले अपार सम्भावना बोकेको एउटा कृषि व्यवसाय हो । अनुकूल भौगोलिक विविधताका कारण नेपालमा बाह्रै महिना च्याउ खेती गर्न सकिन्छ । अन्य नगदेबालीजस्तो धेरै जग्गा नचाहिने र छोटो अवधिभित्रै प्रतिफल प्राप्त गर्न सकिने नाफामुखी कृषि व्यवसाय भएकाले च्याउले गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्छ । पछिल्लो समय स्वदेशी तथा विदेशी बजारमा च्याउको माग बढ्दै गएको छ । उन्नत प्रविधि विकास र च्याउको प्रजातीय विकासका कारण च्याउको व्यावसायिकीकरण बढ्दै गएको छ । पौष्टिक खाद्यतत्व उपलब्धताका कारण च्याउ खाद्य तथा पोषण सुरक्षाको बलियो आधार पनि मानिन्छ । स्थानीय स्रोत र साधनको सदुपयोग गरी च्याउ उत्पादन गर्न सकिन्छ । च्याउ प्रशोधन गरी विभिन्न परिकार बनाएर लामो समयसम्म भण्डारण तथा उपयोग गर्न सकिन्छ । त्यसो त खुला सिमानाका कारण भारतीय च्याउको प्रवेशले नेपाली च्याउले राम्रो मूल्य पाउन सकेको छैन । तथापि पछिल्लो समय नेपाली च्याउले भारतीय च्याउलाई विस्थापित गर्दै गएको च्याउ उत्पादक किसान संघका अध्यक्ष सन्तोष कार्की बताउन्छन् । उनका अनुसार नेपालमा हाल च्याउ खेतीमा करिब ३५ हजार किसान आबद्ध छन् भने वार्षिक करिब १५ अर्ब रुपैयाँ बराबरको च्याउ कारोबार हुने गरेको छ । हाल कन्य च्याउको दैनिक उत्पादन ५० हजार केजी, गोलो च्याउ १० हजार केजी, राजा च्याउ एक हजार केजी, सिताके करिब आठ सय केजी र अन्यको उत्पादन दैनिक पाँच सय केजी रहेको छ । कृषि मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालमा ताजा गोभ्रे च्याउ तीन लाख १७ हजार नौ सय ३३ केजी आयात भएको थियो तर आर्थिक वर्ष २०८०/८१ मा घटेर ८२ हजार तीन सय १० केजीमा झरेको छ । त्यसो त च्याउको धेरैजसो उत्पादन र खपत काठमाडौंलगायतका शहरी क्षेत्रमा मात्रै रहेको पाइएको छ । ग्रामीण क्षेत्रमा च्याउको खासै प्रवर्द्धन हुन सकेको छैन । तर, व्यावसायिक कीट विकास केन्द्र प्रमुख डा. सावित्री बराल भने सरकारले विगत वर्षहरूमा च्याउ प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरेकै कारण अहिले च्याउमा उपभोक्ता र उत्पादकमा जागरण ल्याएको बताउन्छन् । 'विगतमा केन्द्रमार्फत् सरकारले च्याउको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरेको थियो । सोही कारण पछिल्लो समय सर्वसाधारणमा पनि च्याउ खानुपर्ने रहेछ भन्ने धारणा बन्दै गएको छ । विगतमा च्याउ खानै हुँदैन भन्ने जमात पनि अहिले च्याउतर्फ आकर्षित भइरहेको अवस्था छ । तथापि संघीयतासँगै सबै काम संघले गर्दैन, नीतिगत काम हुन्छ । तीनवटै सरकारबीच कामको बाँडफाँट भएका छन् ।' साथै च्याउको राष्ट्रिय स्रोत केन्द्र स्थापनाका लागि खोपासीमा भवनलगायत पूर्वाधार निर्माणको काम सुरु भइसकेको पनि उनले जानकारी दिए । स्रोत केन्द्र स्थापनापछि च्याउ क्षेत्रले गति लिने उनको भनाइ थियो । च्याउ खेतीसम्बन्धी दक्ष प्राविधिक जनशक्ति अभाव, बिउ उत्पादक व्यक्ति/संस्थाहरू र उनीहरूले उत्पादन गरेका च्याउ बिउको गुणस्तरप्रति आम च्याउ उत्पादक कृषक अझै विश्वस्त हुन नसकिरहेको अवस्था, च्याउको बजार मूल्यमा अस्थिरता, च्याउको उपयुक्त बजार प्रविधि र व्यवस्थित बजार सञ्जाल अभाव, च्याउ प्रशोधन प्रविधि अभाव, राष्ट्रियस्तरको सरकारी च्याउ स्रोत केन्द्र र च्याउ नीति अभाव, च्याउ बिउ उत्पादन प्रयोगशालाको गुणस्तर, नियमन अभावलगायतका समस्या रहेको केन्द्रले जनाएको छ ।

**विश्व बजारमा च्याउ**

जर्मन को-अपरेसनसँगको सहकार्यमा सिप्रेडलगायतका संस्थाले तयार पारेको च्याउ उत्पादन तथा बजारीकरण पुस्तिकाअनुसार च्याउ मानव सभ्यतासँगै खाद्य, पोषण र औषधिका रूपमा प्रयोग हुँदै आएको छ । विगतमा च्याउ एक महत्वपूर्ण र विशिष्ट भोजनका रूपमा उपयोगमा थियो तर पछिल्लो समय व्यावसायिक उत्पादन, प्रविधि विकास र खुला बजारले च्याउको सर्वसुलभ उपलब्धता बढाएसँगै धनी गरिब सबैको पहुँचमा रहेको छ । यसरी १९९० दशकदेखि च्याउको लोकप्रियतासँगै उत्पादन पनि बढेर गएको छ । विश्वमा च्याउको बजार करिब १६.७ अर्ब डलरको अनुमान गरिएको छ । एसिया प्यासिफिक मुलुकहरूले च्याउ उत्पादनमा अग्रस्थान बनाउँदै आएका छन् । जसमा चीनले विश्वकै धेरै अर्थात् ७५ प्रतिशत च्याउ उत्पादन गर्छ भने जापान, भारत, इण्डोनेसिया पनि च्याउ उत्पादनमा अगाडि छन् । विश्वमा च्याउका करिब १४ हजार प्रजातिमध्ये सात हजार जति खानयोग्य मानिएको छ भने झण्डै दुई सय प्रजाति परीक्षण उत्पादन भएकामा ६० प्रजातिका च्याउको व्यावसायिक उत्पादन हुने सम्भावना देखिएको छ । नेपालको भौगोलिक एवं जैविक विविधताका कारण च्याउ प्रजातिमा धेरै विविधता पाइए पनि अध्ययन अनुसन्धान हुन सकेको छैन । हालसम्म ११ सय ५० प्रजातिको मात्रै अभिलेखीकरण भएको पाइएको छ । जसमध्ये एक सय ४७ प्रजाति खानयोग्य, सय प्रजाति विषालु र ७० प्रजाति औषधीय गुण भएको पाइएका छन् । तर, व्यावसायिक कीट विकास केन्द्रका अनुसार नेपालमा पाइएका च्याउमध्ये एक सय ७० प्रजाति खानयोग्य छन् ।

*-इहिमालय टाइम्स डटकम*

# टिपर दुर्घटना : एकको मृत्यु, चार घाइते



**पाल्पा,** माघ ५/स्याङ्जाको आँधिखोला गाउँपालिका -५ कृषिस्थित कृषि-ओहिया भित्री कच्ची सडक खण्डमा टिपर दुर्घटना भएको छ । शुक्रबार राती कृषिबाट ओहियातर्फ जाँदै गरेको ग. १ क. ५१३९ नम्बरको आराम्भ निर्माण सेवाको टिपर दुर्घटना भएको हो ।

दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका अनुसार मृत्यु हुनेमा पर्वतको कुश्मा नगरपालिका -१४ का ३७ वर्षीय चन्द्रबहादुर नेपाली रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका नेपालीको पश्चिम क्षेत्रीय अस्पताल गण्डकी पोखरामा उपचारको क्रममा शनिबार दिउँसो मृत्यु भएको हो । अहिले उनको शवलाई सोही अस्पतालमा राखिएको प्रहरीले जनाएको छ । यस्तै दुर्घटनामा सल्यान सारदा नगरपालिका-७ का १५ वर्षीय हरि परियार, स्याङ्जाको आँधीखोला गाउँपालिका -२ ओहियाका ३३ वर्षीय कमल नेपाली, चितवनको राप्ती नगरपालिका -६ भण्डाराका ४१ वर्षीय प्रकाश वि.क. र सोही ठाउँकै ४१ वर्षीया सुमित्रा वि.क. घाइते भएका छन् । घाइते सबै जनाको पश्चिम क्षेत्रीय अस्पताल गण्डकी पोखरामा उपचार भइरहेको छ । टिपर सडकदेखी ५० मिटर तल खसेको छ । के कारणले दुर्घटना भएको हो भन्ने विषय खुल्न सकेको छैन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

## खेलकुद समाचार

### नेपाल बङ्गलादेशसँग पराजित



**काठमाडौं,** माघ ५/आईसीसी १९ वर्षमुनिको महिला टी-२० विश्वकप क्रिकेटमा नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको छ । नेपालले दिएको ५३ रनको लक्ष्य पछ्याएको बङ्गलादेशले १३ ओभर दुई बलमा पाँच विकेट गुमाएर भेटायो । बङ्गलादेशका लागि सादिया इस्लामले १६ र सुमैया अक्टरले १२ बनाए ।


## अर्थ /कर्पोरेट समाचार

### लुम्बिनी प्रादेशिक अस्पतालमा तीन शल्यक्रिया कक्ष थपियो

**लुम्बिनी,** माघ ४ /लुम्बिनी प्रादेशिक अस्पतालमा महिला तथा प्रसूति शल्यक्रिया कक्ष थप गरिएको छ । प्रसूति सेवा विस्तार गर्दै तीन वटा शल्यक्रिया कक्ष थप गरिएको हो ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सो प्रसूति शल्यक्रिया कक्षको औपचारिक उद्घाटन गरे । उपचार सेवालाई छिटोछरितो बनाउन थप गरिएका शल्यक्रिया कक्ष महत्वपूर्ण हुने उनले बताए । उनले भने, 'अब शल्यक्रियाका लागि बिरामीले पालो पर्खनुपर्ने समस्या समाधान हुन्छ भन्ने लागेको छ ।' अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा स्वास्थ्यमन्त्री खेमबहादुर सारु, स्वास्थ्य सचिव डा वासुदेव उपाध्याय, स्वास्थ्य निर्देशक डा विनोद गिरी, अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा इन्द्र ढकाललगायतको सहभागिता थियो । विगत तीन वर्षको तथ्याङ्कअनुसार अस्पतालमा वार्षिक नौ हजार बढी बिरामीले शल्यक्रिया सेवा लिएका छन् । अस्पतालमा गत आर्थिक वर्षमा १२ हजार ९८ जनाले प्रसुती सेवा लिएका छन् । *-रासस*


## हार्दिक बधाई तथा शुभकामना



डाँसुराम पन्थ
अध्यक्ष

अशेष भट्टराई, उपाध्यक्ष | गंगाबहादुर खत्री, सचिव | रुपचन्द थापा, नगर अध्यक्ष | दुर्गा प्रसाद बस्याल, कोषाध्यक्ष

यस स्कुलका प्रिन्सिपल, शैक्षिक व्यक्तित्व दुर्गा प्रसाद बस्याल निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट कोषाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, गंगाबहादुर खत्री सचिव, रुपचन्द थापा नगर अध्यक्ष र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल,शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

भिम बहादुर श्रेष्ठ
अध्यक्ष एवं
**पोलस्टार विज्डम सेकेण्डरी स्कुल परिवार**
तानसेन-७ प्रभास पाल्पा




## हार्दिक बधाई तथा शुभकामना




डाँसुराम पन्थ
अध्यक्ष

अशेष भट्टराई, उपाध्यक्ष | गंगाबहादुर खत्री, सचिव | रुपचन्द थापा, नगर अध्यक्ष | दुर्गा प्रसाद बस्याल, कोषाध्यक्ष

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट हाम्रा मित्र तथा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, गंगाबहादुर खत्री सचिव, रुपचन्द थापा नगर अध्यक्ष, कोषाध्यक्ष दुर्गा प्रसाद बस्याल र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल,शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

मञ्जु ज्ञवाली, जु. प्रिन्सिपल | भरत प्रसाद न्यौपाने, प्रिन्सिपल | सुरेशमान कर्मचार्य, अध्यक्ष
**भि.एस.एकेडेमी सेकेण्डरी स्कुल परिवार**
तानसेन,पाल्पा

## हार्दिक बधाई तथा शुभकामना



डाँसुराम पन्थ
अध्यक्ष

अशेष भट्टराई, उपाध्यक्ष | गंगाबहादुर खत्री, सचिव | रुपचन्द थापा, नगर अध्यक्ष | दुर्गा प्रसाद बस्याल, कोषाध्यक्ष

यस स्कुलका प्रिन्सिपल, शैक्षिक, सामाजिक व्यक्तित्व गंगाबहादुर खत्री निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट सचिव जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, रुपचन्द थापा नगर अध्यक्ष, कोषाध्यक्ष दुर्गा प्रसाद बस्याल र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल, शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

जगदीश प्रसाद भट्टराई
अध्यक्ष एवं
**पाल्पा प्यारागन इङ्गलिस बोर्डिङ्ग स्कुल परिवार**
तानसेन-३,पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई